
शुभ
समाचार
खराब समाचारले भरिएको
संसारको निम्ति असल समाचार




हामी बस्ने संसार भूकम्प, हिंसात्मक आँधी, कष्ट, शोक र मृत्युले भरिएको छ... तर त्यो त्यसरी सुरु भएको थिएन।




सुरुमा परमेश्वरले सृष्टि गर्नुभएको संसार सिद्ध थियो। उहाँले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। त्यहाँ पीडा, कष्ट र मृत्यु थिएन। "असल र खराब ज्ञान दिने रूखको" फल बाहेक मानिसले अदनको बगैंचामा भएको कुनै पनि कुरा खान सक्छन् भनेर परमेश्वरले उनलाई भन्नुभयो। उत्पत्ति २:१७



दुष्ट र पतन भएको स्वर्गदूत शैतान सुन्दर सर्पको शरीरमा स्त्रीको अघि आयो र खान निषेध गरिएको फल खान तिनलाई परीक्षा गऱ्यो।




आदमकी पत्नी हव्वाले त्यो फल खाइन् र आफ्नो पतिलाई पनि त्यो दिइन्। जब मानिसले परमेश्वरको आज्ञा पालन गरेनन्, तिनीहरूमाथि र हामीमाथि अत्यन्तै दुःखदायी कुरा भए।



मानिसले आज्ञा पालन गरेनन् भने तिनी मर्नेछन् भनेर परमेश्वरले तिनीहरूलाई चेतावनी दिनुभयो। आदमले त्यो खाए र सबै मानिस जाति अनि पशुमा समेत मृत्युको भयानक श्राप ल्याए।

आदम र हव्वा परमेश्वरसँगको संगतिबाट अलग भएका थिए, जसले तिनीहरूलाई सृष्टि गर्नुभयो र प्रेम गर्नुभयो। अहिले मानिसहरूले एकआपसमा द्वन्द्व, शर्म फैलाएर पापमय मानव हृदयको कारण शोकमा बस्छन्।





पापको कारण आदम र हव्वालाई सुन्दर बगैंचाबाट निकालिएको थियो, जुन बगैंचा परमेश्वरले तिनीहरूलाई दिनुभएको थियो। तर परमेश्वरले अझै पनि तिनीहरूलाई प्रेम गर्नुभयो र निर्दोष पशुको छालाको लुगा तिनीहरूलाई लगाइदिनुभयो।




आदम र हव्वाले पहिले कहिल्यै मृत्यु देखेका थिएनन्। दोषको पापको निम्ति बलिदानको रूपमा निर्दोष थुमा मर्नुपर्छ भन्ने क्रुरा उहाँले तिनीहरूलाई देखाइरहनुभएको थियो।



पुरानो करारभरि मानिसहरू परमेश्वरकहाँ निर्दोष पशुहरूको बलिदानबाट विश्वासद्वारा मात्रै आउन सक्थे, ती बलिदानले महान् बलिदानलाई इङ्गीत गर्दछ, जुन बलिदान पाप हटाउनलाई एक दिन दिइनेछ।

रिस र डाहको कारण आदम र हव्वाका ठूलो छोरा कयिनले आफ्ना भाइ हाबिललाई मारेपछि उनीहरूमाथि ठूलो शोक आयो। पाप भयानक क्रुरा हो र त्यसले पूरै मानव जातिमाथि हिंसाको भयानक दाग बनाएको छ।






मानिस अझै धेरै पापी बन्यो र पृथ्वी चाँडै हिंसाले भरियो। पृथ्वीमा इन्साफ आउन लागेको थियो भनेर परमेश्वरले नोआद्वारा मानिसहरूलाई चेतावनी दिनुभयो तर मानिसहरूले नोआको खिल्ली उडाए र परमेश्वरको सन्देशलाई इन्कार गरे।



अन्त्यमा परमेश्वरले नोआलाई बनाउन लगाउनुभएको ठूलो जहाज बनाउने काम पूरा भयो र उनी र उनको परिवार अनि हजारौं पशुहरूले त्यसभित्र आश्रय लिए। इन्साफ आउन लागेको थियो।



परमेश्वरले पृथ्वीमा ठूलो जलप्रलय पठाउनुभयो भनेर बाइबलले हामीलाई बताउँछ। नोआ र तिनको परिवारले मात्रै "परमेश्वरको दृष्टिमा अनुग्रह पाए" किनभने परमेश्वरले तिनीहरूलाई भन्नुभएको कुरामा उनीहरूले विश्वास गरे।



४० दिन र ४० रातपछि वर्षा रोकियो। अन्त्यमा प्रलय सुरु भएको एक वर्षपछि जहाज "आरारातको पहाडमा" अडियो।



जहाजबाट बाहिर निस्केपछि नोआले गरेको सबैभन्दा पहिलो कुरा परमप्रभुको निम्ति वेदी बनाएर आफ्नो र आफ्नो परिवारको पापको मूल्य तिर्न निर्दोष पशुको बलिदान गरेका थिए।

धेरै वर्षपछि परमेश्वरले एउटा राष्ट्रको जन्म दिन अब्राहाम नाम भएको मानिसलाई छान्नुभयो, जसलाई उहाँले आफ्नो वचन र व्यवस्था दिनुभयो।


यी सबै समयमा परमेश्वरलाई चिन्ने मानिसहरूले आफ्नो पापको निम्ति भेटीको रूपमा परमप्रभुकहाँ निर्दोष पशुको बलिदान निरन्तर दिए। तर पशुको रगतले मानिसको पापको दोष हटाउन सक्दैन र परमेश्वरले महान् बलिदान प्रदान गर्नुहुने दिन आउन लागेको थियो। यस संसारमा सबै मानिसको पापको निम्ति मर्न सिद्ध र पापरहित बलिदान आउनुभयो।



एक दिन हिब्रूहरूका पुर्खा अब्राहामलाई परमेश्वरले पर्वतमा उहाँको आराधना गर्न र पापको निम्ति बलिदान गर्न भन्नुभयो।



जब बलिदानको रूपमा वेदीमा तिनको आफ्नै छोरालाई बलिदान गर्न परमेश्वरले अब्राहामलाई बताउनुभयो, वास्तवमै परमेश्वरले उनको जाँच गर्नुभएको थियो।




तर इसहाकको साटोमा परमेश्वरले झाडीमा अल्झिएको थुमा जुटाउनुभयो। हाम्रो स्थानमा बलिदानको रूपमा मर्न परमेश्वरले आफ्नै पुत्र पठाउन लाग्नुभएको कुराको यो झल्को थियो।



भविष्यमा कुनै दिन परमेश्वरको सिद्ध थुमा मर्नुहुनेछ र उहाँमाथि विश्वास राख्ने हरेक व्यक्तिको सबै पाप धुनुहुनेछ भनेर परमेश्वरले अब्राहामलाई देखाइरहनुभएको थियो।




त्यसको सयौं वर्षपछि मिश्रको भूमिमा परमेश्वरले आफ्ना मानिसहरूलाई अविश्वासीहरूमाथि आउन लागेको इन्साफबाट बच्नको निम्ति आफ्ना ढोकामा निस्तार चाडको थुमाको रगत लगाउन भन्नुभयो (प्रस्थान १२:१-१३)।



त्यो समयमा परमेश्वरले आफ्ना मानिसहरूका निम्ति मोशालाई आफ्नो व्यवस्था दिनुभयो ताकि सबै मानिसहरूले असल र खराब कुराहरू जान्न सकून् र तिनीहरूलाई मुक्तिदाताको खाँचो छ भनेर देख्न सकून्। हरेक मानिस जन्मैदेखि पापी छ र परमेश्वरको व्यवस्था, दश आज्ञाको पवित्र योग्यता कुनै पनि मानिसले कायम राख्न सक्दैन।

दश आज्ञाहरूः

१. मबाहेक अरू कुनै देवीदेवताहरू नमान्नू।
२. आफ्ना निम्ति खोपेर कुनै पनि मूर्ति नबनाउनू।
३. परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनू।
४. शबाथ दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू।
५. आफ्नो बुबा र आमाको आदर गनू।
६. तैंले हत्या नगर्नू। ७. तैंले व्यभिचार नगर्नू।
८. तैंले चोरी नगर्नू।
९. आफ्नो छिमेकीको विरुद्धमा झुटो गवाही नदिनू। १०. तैंले लालच नगर्नू।



सैयौं वर्षको निम्ति निर्दोष थुमाको निरन्तर बलिदानले पापको भयानक परिणाम देखायो, जुन मृत्यु हो।

तर पशुको बलिदानले मात्रै मानिसको पापको मोल कहिल्यै तिर्न सकेन... त्यसको निम्ति महान् बलिदान चाहिन्छ, जसलाई परमेश्वरको थुमा भनी चिनिन्छ।

यशैया नाम भएको पुरानो करारका भविष्यवक्ताले भने कि एक दिन कन्याले गर्भाधारण गर्नेछिन् र मुक्तिदातालाई जन्म दिनेछिन्, जो मानिसका पापका निम्ति बलिदान बन्नुहुनेछ (यशैया ७:१४)

अन्त्यमा सैयौं वर्षपछि एउटा स्वर्गदूत आए र इस्राएको भूमिमा नासरतको सहरमा बस्ने मरियम नाउँ गरेकी कन्याकहाँ यो असल समाचार घोषणा गरे। उहाँको कुनै मानव पिता छैन।



मुक्तिदाता बेथलेहेममा गाईको गोठमा जन्मनुभयो। परमेश्वर मानव बन्नुभयो। उहाँको नाउँ येशू थियो र उहाँलाई परमेश्वरको थुमा भनियो। येशूले धेरै मानिसहरूलाई तिनीहरूका पापको दण्ड र शक्तिबाट बचाउनुहुन्छ।



जब येशू हुर्कनुभयो र आफ्नो सार्वजनिक सेवकाइ सुरु गर्नुभयो, उहाँले सबै मानिसलाई आफ्नो प्रेम र करुणा देखाउनुभयो। उहाँले आफूकहाँ विश्वाससाथ आउने रोगीलाई निको पार्नुभयो र अन्धालाई दृष्टि दिनुभयो।



येशूले धेरै आश्चर्यकर्महरू गर्नुभयो। एक पटक उहाँले सानो केटेका दुईवटा माछा र पाँच साना रोटीको खाजाले ठूलो भीडलाई खुवाएर अचम्ममा पारिदिनुभयो।



येशूले मरेको व्यक्तिलाई पनि जीवित पार्नुभयो, जब उहाँले भन्नुभयो– "लाजरस, बाहिर निस्की आऊ।"


येशूले घोषणा गर्नुभयो – *"पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ" (यूहन्ना ११:२५)।*




येशूसँग आँधी र छालहरूलाई नियन्त्रण गर्ने शक्ति छ, जसले उहाँ परमेश्वरको पुत्र, स्वर्ग र पृथ्वीको सृष्टिकर्ता हुनुहुन्छ भनी देखाइरहेको थियो। *मर्कूस ४:३५-४१, यूहन्ना १:१-३*



येशूले आँधीलाई शान्त पार्नुभएझैं उहाँले जीवनका कठिनाइ र परीक्षाबाट सताइएको समस्याग्रस्त हृदयमा शान्ति ल्याउन सक्नुहुन्छ।




येशूले गर्नुभएका सबै कुराहरू असल भए पनि धार्मिक अगुवाहरूले येशूलाई घृणा गर्थे। तिनीहरूले उहाँलाई पक्रे र उहाँमाथि गलत आरोप लगाए। क्रुर मानिसहरूले उहाँलाई थुके, पिटे र उहाँको टाउकोमा काँडाको मुकुट लगाइदिए र उहाँलाई क्रूसमा टाँग्न लगे।



येशूलाई सामान्य अपराधीजस्तै गरी काठको क्रूसमा काँटी ठोकिएको थियो। हाम्रा सबै पापको मोल तिर्न परमेश्वरको पुत्रले कष्ट भोग्नुभयो र मर्नुभयो।


परमेश्वरले प्रतिज्ञा गर्नुभएझैं हाम्रो साटोमा बलिदानको रूपमा परमेश्वरका सिद्ध र पापरहित थुमा मर्नुभयो।





येशूको छेउमा मर्ने अपराधीहरूमध्ये एकजनाले मुक्तिदातालाई उहाँको राज्य आउँदा तिनलाई सम्झनुहोस् भनी बिन्ती गरे। येशूले तिनलाई भन्नुभयो, *"आज तिमी मसँग स्वर्गलोकमा हुनेछौ" (लूका २३:४३)*। त्यो मरिरहेको चोरलाई थाहा थियो कि आफू मरेपछि येशूसँग ऊ सदा जिउनेछ। प्रभु येशू ख्रीष्टलाई पुकारा गरे तपाईंले अनन्त जीवन पाउन सक्नुहुन्छ भन्ने कुरा थाहा पाउनु कस्तो अचम्मको कुरा हो।

"किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ" (रोमी १०:१३)।



येशू क्रूसमा मर्नुअघि उहाँले प्रार्थना गर्नुभयो– "पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्।" आफ्ना शत्रुहरूका निम्ति प्रार्थना गर्ने यो व्यक्ति परमेश्वरका पुत्र थिए भनेर रोमी सैनिकलाई पनि थाहा थियो।



उहाँ हाम्रा पापको निम्ति मर्नुभएपछि येशूलाई यरूशलेमको पर्खालबाहिर नजिकै रहेको बगैंचामा भएको चिहानमा गाडिएको थियो।



रोमी सैनिकहरूले चिहानलाई बन्द गर्ने र रक्षा गर्ने आज्ञा पाएका थिए ताकि कसैले पनि प्रभु येशू ख्रीष्टको शरीर चोर्न नसकोस्।

येशूका चेलाहरूका निम्ति त्यो कस्तो अन्धकारको समय थियो, तिनीहरू डराएर लुकिरहेका थिए। आफ्नो शोक र डरमा तिनीहरूले येशूले तिनीहरूलाई आफ्नो मृत्यु, दफन र पुनरुत्थानको बारेमा बताउनुभएको कुरा बिर्से। *"किनकि जसरी योना ठूलो माछाको पेटभित्र तीन दिन र तीन रात थिए, उसरी नै मानिसको पुत्र पनि पृथ्वीको गर्भमा तीन दिन र तीन रात रहनेछ" (मत्ती १२:४०)*।



हप्ताको पहिलो दिनमा येशू मरेकोबाट बौरिउठ्नुभयो। परमेश्वरको पुत्र पाप र मृत्युमाथि विजयी हुनुभएको थियो।

येशूले भन्नुभयो- *"किनभने म जीवित भएको हुनाले तिमीहरू पनि जीवित रहनेछौ" (यूहन्ना १४:१९)*।


पुनरुत्थान भएको त्यो बिहान विश्वासयोग्य स्त्रीहरूको समूह येशूको शरीरमा मसला दल्न आए। स्वर्गदूतद्वारा तिनीहरूलाई यसो भनियो, *"उहाँ यहाँ हुनुहुन्न, उहाँ बौरिउठ्नुभएको छ" (मत्ती २८:१-६)*।

येशूका दुईजना चेलाहरू चिहानतिर दौडे र चिहानमा भएका वस्त्रहरू अझै त्यहीँ भएको देखेर अचम्ममा परे तर येशू मरेकोबाट बौरिउठ्नुभएको थियो *(यूहन्ना २०:१-८)*।



मृत्यु र अन्धकारले भरिएको हाम्रो संसारमा प्रभु येशू ख्रीष्टको पुनरुत्थानले उहाँमाथि विश्वास गर्नेहरूलाई ठूलो आशा दिन्छ। येशू जीवित हुनुहुन्छ र मुक्तिदाताको रूपमा उहाँलाई भरोसा गर्ने सबैलाई अनन्त जीवनको वरदान दिने प्रतिज्ञा गर्नुभएको छ।

तपाईं आफ्नो पाप र अविश्वासबाट फर्कनुहुन्छ र उहाँलाई आफ्नो मुक्तिदाताको रूपमा विश्वास गर्नुहुन्छ भने तपाईंले परमेश्वरको वरदान अनन्त जीवन प्राप्त गर्न सक्नुहुन्छ।



येशूको पुनरुत्थानपछि उहाँ आफ्ना चेलाहरू र अरू धेरै विश्वासीहरूकहाँ देखा पर्नुभयो। उहाँको शरीर पुनरुत्थान भएको छ र उहाँ वास्तवमै जीवित हुनुहुन्थ्यो भनेर तिनीहरूलाई देखाउन उहाँले खानको निम्ति केही कुरा माग्नुभयो *(लूका २४:३६-४३)*।



चालीस दिनपछि येशू स्वर्गमा फर्कनुभयो तर उहाँ फर्कनुअघि उहाँले प्रतिज्ञा गर्नुभयो कि एक दिन उहाँ आफ्ना चेलाहरूका निम्ति पृथ्वीमा फर्कनुहुनेछ। येशूले भन्नुभयो- *"म तिमीहरूका निम्ति ठाउँ तयार पार्न गइरहेछु। अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु र तिमीहरूलाई मकहाँ लैजानेछु र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ" (यूहन्ना १४:२-३)।*





पुनरुत्थान हुनुभएको र महिमित हुनुभएको परमेश्वरको पुत्र अहिले स्वर्गमा पिताको दाहिने हाततर्फ विराजमान हनुहुन्छ। हाम्रा मुक्तिदाताको रूपमा उहाँमा विश्वास गर्ने हामी सबैको निम्ति मध्यस्थकर्ता र पैरवी गर्ने उहाँ नै हुनुहुन्छ (हिब्रू ४:१४-१६, ७:२५, ९:२४)।

खराब सन्देशः "किनकि पापको ज्याला मृत्यु हो..."


असल सन्देशः *"... तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरको वरदान अनन्त जीवन हो" (रोमी ६:२३)।*

हामीले आफ्ना पाप स्वीकार गरेको र हाम्रा सारा पापको निम्ति बलिदानको रूपमा प्रभु येशू ख्रीष्ट मर्नुभयो भनेर साँचो रूपमा विश्वास गरेको क्षणमा हामीलाई अनन्त जीवनको सित्तैको वरदान दिइएको छ र हाम्रो नाम *"थुमाको जीवनको पुस्तकमा"* लेखिन्छ *(प्रकाश २०:११-१५)*।

"किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ" (रोमी १०:१३)।

जब येशूले आफ्नो जीवन क्रूसमा दिनुभयो, उहाँले संसारको पाप आफैंमाथि लिनुभयो। जब हामीले उहाँलाई हाम्रो मुक्तिदाताको रूपमा विश्वास गर्छौं, उहाँले हामीलाई क्षमा दिनुहुन्छ र उहाँको सिद्ध धार्मिकताले हामीलाई छोप्नुहुन्छ।

"किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो" (२ कोरिन्थी ५:२१)।



"म परमप्रभुमा साह्रै आनन्दित हुन्छु। मेरो प्राणले मेरा परमेश्वरमा आनन्द मनाउनेछ। किनकि उहाँले मलाई उद्धारको पोशाक लगाइदिनुभएको छ र उहाँले मलाई (उहाँको) धार्मिकताको वस्त्रले ढाक्नुभएको छ..." (यशैया ६१:१०)।

प्रश्नः

अहिले नै येशू ख्रीष्टलाई तपाईंको मुक्तिदाताको रूपमा स्वीकार गरेर प्रार्थना गर्नबाट के तपाईंलाई केही कुराले रोकेको छ ?

अहिले नै येशूमा विश्वास गर्नबाट तपाईंलाई रोक्ने कुनै बहुमूल्य कुरा छ ?

"किनभने मानिसले सारा जगत् हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हुन्छ ?" (मर्कूस ८:३६)

प्रभु येशू ख्रीष्ट तपाईंको निम्ति मर्नुभयो भनेर तपाईंले विश्वास गर्नुहुन्छ र तपाईंका पापबाट उहाँले तपाईंलाई बचाएको तपाईंले चाहनुहुन्छ भने तल दिइएको प्रार्थना वा तपाईंको आफ्नै शब्दमा त्यस्तै प्रार्थना गर्न हामी सल्लाह दिन्छौं:

"प्रभु येशू, मैले पाप गरेको छु र स्वर्गमा अनन्तसम्म तपाईंसँग बस्न म योग्यको छैन भनेर मलाई थाहा छ। तर मेरा पापको मोल तिर्न तपाईं क्रूसमा मर्नुभयो भनेर म विश्वास गर्छु। विश्वासद्वारा म मेरो अविश्वास र पापबाट तपाईंतर्फ फर्कन्छु र मलाई बचाउनुहोस् भनी बिन्ती गर्छु। म तपाईंलाई मेरो जीवनमा निम्त्याउँछु। मलाई प्रेम गर्नुभएको र मेरो निम्ति क्रूसमा मर्नुभएको निम्ति प्रभु येशू तपाईंलाई धन्यवाद। परमेश्वरको वरदान अनन्त जीवन मलाई दिनुभएको निम्ति तपाईंलाई धन्यवाद। अब मलाई तपाईंको वचन पढ्न र तपाईंको निम्ति जिउन सहायता गर्नुहोस् र
येशूको नाउँमा म प्रार्थना गर्दछु, आमेन।"

"तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो" (यूहन्ना १:१२)।

"किनकि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौ र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ" (रोमी १०:९-१०)।

परमेश्वरको वचन बाइबल हरेक दिन पढ्न... र प्रार्थना गर्न... र बाइबलको शिक्षाअनुसार विश्वासयोग्य रूपमा सिकाउने मण्डली खोज्न हामी तपाईंलाई उत्साह दिन्छौं। पानीको बप्तिस्माले कसैलाई पनि बचाउँदैन तर यो प्रभुको आज्ञा र अरूको अघि तपाईंले ख्रीष्टमा भरोसा गर्नुभएको छ भन्ने गवाही हो। येशूमा अरू विश्वासीहरूसँग संगति गर्नुहोस् र येशूले तपाईंको निम्ति... र तपाईंका साथीहरूका निम्ति के गर्नुभयो भनेर उनीहरूलाई बताउनुहोस्।

येशू ख्रीष्टमा विश्वास गरेपछि तपाईंसँग अनन्त जीवन छ भनेर तपाईंले जान्न सक्नुहुन्छ भनेर बाइबलले घोषणा गर्दछः

"प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस् र तपाईंले उद्धार पाउनुहुनेछ- तपाईं र तपाईंका परिवारले" (प्रेरित १६:३१)।

"तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु..." (१ यूहन्ना ५:१३)।

"जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। जसले पुत्रको आज्ञापालन गर्दैन, त्यसले जीवन देख्नेछैन तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ" (यूहन्ना ३:३६)।

"साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ" (यूहन्ना ५:२४)।

"यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन" (रोमी ८:१)।

"किनकि म यो पक्का गरी जान्दछु कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमान कुराहरूले वा पछि हुने कुराहरूले वा शक्तिहरूले, उचाइले वा गहिराइले वा सारा सृष्टिमा भएका कुनै पनि कुराले ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन" (रोमी ८:३८-३९)।